# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, वैशाख १७ गते २०३७ साल [ अतिरिक्ताङ्क ३

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०३७ साल वैशाख १७ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज जनमत संग्रह समस्त नेपालीको घरसंघारमा आइपुगेको छ । यस घडीमा हरेक बालिग नेपालीले पाएको आफ्नो अधिकारको उपभोग गर्नु आफ्नो पहिलो कर्तव्य हो भन्ने बुझी अगाडि बढ्न म सबैलाई आव्हान गर्दछु ।

२. कुनै पनि मुलुकको इतिहासमा जनमत संग्रह भन्ने कुरा बिरलै आउँछ । त्यसैले जनमत संग्रह सम्पन्न गराउनका लागि गठित आयोग र यस कार्यमा आयोगलाई सहयोग पुऱ्याउन खटिएका तमाम सरकारी वा गैरसरकारी व्यक्तिले आफ्नो एकमात्र कर्तव्य जनताप्रतिको जवाफदेही निष्पक्ष र ईमानदारीपूर्वक बहन गर्नु हो भन्ने संझनू । संसारको आँखा यतिखेर नेपालमाथि

१८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परेको छ। त्यसो हुनाले हामी नेपालीले पनि आफ्नो शिष्ट र सुसभ्य व्यवहारद्वारा नेपाली जाति साँच्चिकै प्रजातन्त्रप्रेमी रहेछन् भन्ने कुरा प्रमाणित गर्न सक्नु परेको छ।

३. प्रजातन्त्र भन्नु नै आफू र आफ्नो समाजको जिम्मा आफ्नो काँधमाथि बोक्नु हो। समाजको यस्तो महत्वपूर्ण अभिभारा बोक्न तत्पर हुने निर्दल वा बहुदल कुनै व्यक्ति वा समूह कसैले पनि आवेशमा आई अरू कसैमाथि दवाव, डर, त्रास, धम्की देखाई करकाप गरी जनमत संग्रहमा बाधा अड्चन हाल्नु कदापि राम्रो हुँदैन। आफ्नो मात्र होइन अर्काको पनि अधिकार र कर्तव्य बुझ्न सक्नु नै प्रजातन्त्रको पहिलो पाठ हो। यसको लागि संयम, धैर्य, मर्यादा र शिष्टता नभैनहुने गुणहरू हुन्। यसो हुँदाहुँदै पनि यदि कसैले जनमत बिथोल्ने, शान्ति भङ्ग गर्ने, घात प्रतिघातका कुरा चलाउने, प्रतिशोध र हिंसा गर्न र गराउन खोज्छन् भने त्यस्ता तत्वमाथि ऐन कानूनबमोजिम कडा कारवाही गर्नु गराउनु र सो नगर्नेमाथिसमेत कारवाही गर्नु भन्ने निर्देशन मैले मेरो सरकारलाई दिइसकेको छु। आशा छ यसमा समस्त नेपालीले सक्दो सहयोग अवश्य नै पुऱ्याउनेछन्।

४. अन्तमा प्रत्येक बालिग नेपालीले कस्तो व्यवस्था अपनाउनाले देशमा शान्ति रही समस्त नेपालीको बर्तमान र भविष्य उज्ज्वल हुनसक्छ भन्ने कुरालाई ध्यानमा राखी आफ्नो अमूल्य मत प्रदान गरी जनमत संग्रहलाई सफल पारून्। सबै नेपालीबाट हामीले यही आशा राखेका छौं।

श्री पशुपतिनाथले हामी सबैलाई सद्‌बुद्धि प्रदान गरून्।

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।